DOI: https://doi.org/10.3126/dristikon.v12i1.46139 

# डायस्पोरिक उपन्यासमा पीडा, अतीत मोह र यौनिकता

**शक्तिराज नेपाल**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: *snepal758@gmail.com*

**लेखसार**

आफ्नो देश छोडेर अर्काको देशमा गई लामो समयसम्म बसेका व्यक्तिद्वारा साहित्य सिर्जनामाफत् आफ्नो देशलाई सम्झी लेखिइएका साहित्यलाई डायस्पोरा साहित्य भनी चिनिन्छ । यस अध्ययनमा पनि डायस्पोरामा लेखिएका उपन्यासको विश्लेषण गरिएको छ । डायस्पोराबाट नेपाली भूगोल, समाज, संस्कृति, जीवनशैली तथा आफ्नो बिगत सम्भेर झल्को मार्न रचना गरिएका हरेक साहित्यिक विधामा राष्ट्र सम्झेका उदाहरणहरू पाइएका छन् । डायस्पोरामा जीवन कटाउने क्रममा धेरैजसो पात्रहरूले परिचयविहीनताका कारण पीडाको अनुभूति गरेका छन्, केही पात्रहरूले आफ्नो अतीतलाई सम्भेर दिन काटेका छन् भने केही पात्रहरू यौनिक सम्बन्धमा बाँधिएका छन् । अतः डायस्पोराबाट लेखिएका उपन्यासमा पाइएका पीडा, अतीतमोह र यौनिकता जस्ता कुरालाई विश्लेषणको आधार बनाइएको छ । पुस्तकालय विधिको प्रयोग गरेर सामग्री सङ्कलन गरिएको यस अध्ययनमा विश्लेषणका निम्ति विश्लेषणात्मक ढाँचालाई अपनाइएको छ ।

*शब्दकुञ्जी* : डायस्पोरा, डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोह, यौनिकता

**विषयपरिचय**

इसापूर्वको ५८६ देखि ५३८ सम्म लगभग चारदशकको समयमा प्यालिस्टान निवासी यहुदीहरूलाई बेबिलोनियामा गरिएको दण्ड स्वरूपको निर्वासनका अर्थमा पहिलो पल्ट प्रयोग गरिएको डायस्पोरा शब्द मानिसको विस्थापनलाई बुझाउने शब्द हो । यस शब्दले विशेषणमूलक पदका रूपमा ग्रहण गर्दै गएर आज विभिन्न कारणबाट संसारभरी छरिएर बसेका मान्छेलाई बुझाउने अर्थमा प्रयोग हुन थालेको छ । प्रारम्भमा विस्थापनलाई बुझाउन प्रयोग भएको डायस्पोराले आज आएर स्वैच्छिक वा बाध्यात्मक रूपमा देश बाहिरिएका र उतै स्थायी रूपले बसोबास गर्न थालेका व्यक्तिहरूले आफ्नो जन्मथलो वा पितृथलोलाई सम्झेर लेखिएको साहित्यलाई बुझाउन थालिसकेको छ । एउटा नौलो भूमिमा पुगेर त्यहाँ आफ्नो स्थितिबोधका बारेमा, आफ्नो स्वामित्वका बारेमा हुने चर्चाहरू, तिनको सामाजिक, राजनैतिक र मनोवैज्ञानिक छलफल र कुराकानी डायास्पोरा अध्ययनका प्रमुख विषय बनेका छन् । जब मानिसले आफ्नो एउटा स्थान परिवर्तन गर्छ तब उसका मानसिक एवम् शारीरिक प्रक्रियाहरू पनि परिवर्तित हुन थाल्दछन् ।

डायस्पोरिकहरू आफ्नो जन्मभूमि वा पितृभूमिको यादमा हराउन थाल्छन् । उनीहरू बेग्लै प्रकारको सुरक्षात्मक संयन्त्रका बारेमा सोच्न बाध्य हुन्छन्, त्यस्तो विस्थापनको पीडा, रोदनका कहानी र कथाहरू डायस्पोरा बन्न थाल्दछन् । अथवा ती मानिस परावर्तनको चिन्ता गर्न थाल्दछन् । उनीहरू मूल भूमितिर फर्किने इच्छा राख्दछन् । अन्यभूमिमा प्रतिस्थापित भइसकेपछि, वासस्थान फेरिएपछि मनमा आफ्नो गृहप्रवेश, त्यहाँका सांस्कृतिक

पुराकथाहरू, इतिहासहरू, भाषिक स्मृतिहरू, अनेक प्रकारका सम्झनाहरू, राष्ट्रका गाथाहरू बिस्तारै मानिसका हृदयमा उठ्न थाल्दछन् । यस्तो विस्तृतिमा सीमाविहीनता हुन थाल्छ । देशबाहिर गएर बसेकाले सीमाहीन विश्व देख्छन् । स्थान भिन्नताले हराएको परिचय पुनः खोज्ने चेष्टा गर्छन् । स्वदेश छोडेर अन्य भूमिमा गएपछिको प्रवास चिन्ता अथवा निर्वासन चिन्ता डायस्पोरिक चिन्ता बन्दछ । निर्वासन चिन्ता अथवा संवेदनालाई डायस्पोरा अध्ययनमा मूलतत्त्व मानिन्छ । आफूले देश छोड्नुभन्दा अघि सम्झेका कुरा मात्र डायस्पोरामा आउँछन् । त्यसपछि विकसित भएका कुरा धेरै सम्झनामा आउँदैनन् । यस प्रकारका निर्वासन द्विविधाहरू पनि अध्ययनका प्रमुख कुरा मानिन्छन् ।

नेपाली उपन्यासमा नयाँ विषयवस्तु खोज्ने, राष्ट्रलाई माया गर्ने र परदेशिएकाहरूले पनि राष्ट्रलाई सम्झेर नेपालीपनको सिर्जना गर्ने परिपाटी आज अत्यन्तै बढेको छ । यस विषयका बारेमा खगेन्द्रप्रसाद लुइटेलका अनुसार आफ्नो मातृभूमि छाडेर अर्को कुनै पराइ मुलुकमा गई आफ्नो मुलुक र आफन्तजनका वियोगको पीडा खपेर पनि त्यहीँ जीवन धान्न बाध्य व्यक्ति डायस्पोरा हुन्छ र त्यस्ता व्यक्तिबाट त्यसैप्रकारका अनुभूति अर्थात् त्यताको पीडा र यताको स्मृतिजन्य अनुभूति प्रस्तुत गरी लेखिएको साहित्य डायस्पोरिक हुन्छ भनी अभिव्यक्त गरिएको छ । त्यस प्रकृतिका उपन्यासहरूलाई नेपाली उपन्यासको विकासका उत्तरवर्ती उपलब्धिका रूपमा लिने गरिएको छ र त्यस्ता उपन्यासलाई डायस्पोरिक उपन्यास भनी चिनिन्छ ।

विभिन्न देशबाट पराई भूमिमा गई विभिन्न देशमा डायस्पोरिक समाज बन्ने क्रममा अमेरिकी डायस्पोरा समाज पनि नेपाली साहित्यका लागि महत्त्वपूर्ण साहित्यिक समाजका रूपमा बनेको समाज हो । आफ्नो देश छोडेर अर्काको देशमा गई लामो समयसम्म बसेका व्यक्तिद्वारा साहित्य सिर्जनामाफत् आफ्नो देशलाई सम्झी लेखिइएका साहित्यलाई डायस्पोरा साहित्य भनी चिनिन्छ । डायस्पोराका साहित्यले सर्जकको जन्मभूमि, अतीतलाई मात्रै सम्झँदैन, डायस्पोरामा भोगेका पीडा, दुःख, अपरिचयको सङ्कट जस्ता कुराप्रति बनेका संवेदनशीलतालाई व्यक्त गरेको हुन्छ । हरेक महादेशमा नेपाली डायस्पोरिकहरूले आफ्नो जन्मभूमि सम्झेर केही न केही गर्न खोज्छन् । कसैले कविता लेख्छन्, कसैले कथा लेख्छन् त कसैले उपन्यास तथा नाटकको रचना गरी आफ्नो जन्मभूमि सम्झन्छन् । यसै प्रसङ्गमा उपन्यास लेखी आफ्नो जन्मभूमि सम्झने तरिका त्यति लामो छैन । डायस्पोराको आँखाबाट नेपाली समाजलाई सम्झने प्रयासको शृङ्खला नै यहाँको अध्ययनको विषय बनेको छ । डायस्पोरामा उपन्यास लेखनको थालनी पनि अमेरिकाबाट भएकाले त्यही भौगोलिक परिवेशमा सुरुवात भएको औपन्यासिक लेखनलाई यस अध्ययनको सुरुवातविन्दु मानिएको छ । यस अध्ययनका सिलसिलामा डायस्पोरामा लिखित उपन्यासहरूमध्ये होमनाथ सुवेदीको *यमपुरीको महल* (२०६५), राजवको *एट्लान्टिक स्ट्रिट* (२०६५), *मोटेल अमेरिका* (२०६७), पञ्चम अधिकारीको *पथिक प्रवासन* (२०६७), अरुण शर्माको *सुशी र प्रशान्त महासागर* (२०६७), भारती गौतमको *अमेरिकामा आमा* (२०७२), नीलम कार्कीको *अर्की आइमाई* (२०७४), रमेश दियालीको *छाप्रो नं ५५* (२०७५), सानु घिमिरेको *सिड्नी सपना* (२०७५), सन्तोष लामिछानेको *अल्टिमेट आकास* (२०७६) गरी १० वटा उपन्यासको अध्ययन गरिएको छ ।

**समस्याकथन**

प्रस्तुत अध्ययनमा डायस्पोरामा लेखिएका नेपाली उपन्यासको विश्लेषण गरिएको छ । डायस्पोरिक भूमिमा आफ्नो देश वा जन्मभूमिलाई सम्झेर लेखिएका ती उपन्यासको विश्लेषण निम्नानुसार प्रश्नमा आधारित भई गरिएको छ :

क. डायस्पोरिक उपन्यासमा केकस्ता पीडा र विभाजित मानसिकताहरू पाइएका छन् ?
ख. डायस्पोरिक उपन्यासमा अतीतप्रतिको मोहलाई कसरी प्रस्तुत गरिएको छ ?
ग. डायस्पोरिक उपन्यासमा केकस्ता यौनिक प्रस्तुतिहरू पाइएका छन् ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन समस्याकथनका प्रश्नमा आधारित रही निम्नानुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

**क.** डायस्पोरिक उपन्यासमा व्यक्त पीडा र विभाजित मानसिकताको अध्ययनको गर्नु,
ख. डायस्पोरिक उपन्यासमा अभिव्यक्त अतीतप्रतिको मोहलाई प्रस्तुत गर्नु,
ग. डायस्पोरिक उपन्यासमा व्यक्त भएका यौनिक प्रस्तुतिको अध्ययन गर्नु,

**अध्ययनको सीमा**

प्रस्तुत अध्ययन डायस्पोरामा लेखिएका नेपाली उपन्यासको अध्ययनमा मात्रै केन्द्रित छ । जसमा पनि होमनाथ सुवेदीको *यमपुरीको महल* (२०६५), राजवको *एट्लान्टिक स्ट्रिट* (२०६५), *मोटेल अमेरिका* (२०६७), पञ्चम अधिकारीको *पथिक प्रवासन* (२०६७), अरुण शर्माको *सुशी र प्रशान्त महासागर* (२०६७), भारती गौतमको *अमेरिकामा आमा* (२०७२), नीलम कार्कीको *अर्की आइमाई* (२०७४), रमेश दियालीको *छाप्रो नं ५५* (२०७५), सानु घिमिरेको *सिड्नी सपना* (२०७५), सन्तोष लामिछानेको *अल्टिमेट आकास* (२०७६) गरी १० वटा मात्रैको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा डायस्पोराका विविध विशेषताहरू पाइन्छन् तथापि यस अध्ययनमा डायस्पोरिक पीडा, अतीतप्रतिको मोह र यौनिकतालाई मात्र अध्ययनको आधार बनाइएको छ ।

## शोधविधि तथा सामग्री

**अध्ययनको विधि**

प्रस्तुत अध्ययन तथा विश्लेषणमा लक्षित सामग्रीको सङ्कलन तथा विश्लेषण गर्नका लागि निम्नानुसारका सङ्कलन तथा विश्लेषण विधिलाई अपनाइएको छ :

**सामग्री सङ्कलन विधि**

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन गर्दा समस्याकथन र उद्देश्यका आधारमा डायस्पोरासम्बन्धी मान्यता र अध्ययनलाई मुख्य सैद्धान्तिक आधार मानी उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन गर्दा मुख्यतः पुस्तकालय विधिको उपयोग गरिएको छ । सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा प्राथमिक सामग्रीको सङ्कलन गरिएको छ भने अध्ययनका समस्यासँग सम्बन्ध राख्ने खालका सामग्री र नेपाली डायस्पोरासँग सम्बन्धित समीक्षा, समालोचना, पुस्तकालय र इन्टरनेटबाट लिइएका सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा लिइएका छन् ।

**सामग्री विश्लेषण विधि**

प्रस्तुत अध्ययनको उपयुक्त विभिन्न स्रोतबाट प्राप्त सामग्रीहरूको वस्तुगत अध्ययन गर्न र सामान्यीकरण समेत गरी निष्कर्षमा पुग्नका लागि डायस्पोरिक उपन्यासका प्रवृत्ति डायस्पोरिक पीडा, विभाजित मानसिकता, अतीतप्रतिको मोह र यौनिकतालाई सैद्धान्तिक अवधारणाका रूप मा स्पष्ट पार्दै त्यसको उपयोग गरी विश्लेषणको ढाँचाका आधारमा विश्लेषण गरिएको छ ।

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46139 

**परिणाम तथा छलफल**

**डायस्पोरिक उपन्यासमा अभिव्यक्त पीडा**

*यमपुरीको महल* उपन्यासको डायस्पोरिक पात्र प्रेमलाई परिचयको पीडाले सताएको छ । आफ्नो जीवनमा यमपुरीको महल बनाउने सपना बोकेर अमेरिका गएको प्रेम एक वेवारिसे र पागल जस्तो बनेर बाँच्छ । हीरासँगको सान्निध्यमा बाँचिरहेको प्रेमले रगत बान्ता गरेका बेला हीरा र भरतले उसलाई छोडेर हिँडेपछि प्रेमले भोगेको कष्ट परिचयसमेतको कष्ट हो । अरू कोही पनि नभएका कारण हीरासँग प्रेमको नाटक गरी बसिरहेको मान्छे (प्रेम) अन्ततः अस्पतालमा एक्लै हुँदा आफ्नो त्यस धरतीमा कोही छैन रहेछ भन्ने पीडाबोध गर्छ । उसको त्यस किसिमको पीडाबोधलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

> मेरो दाहिने हर पाट्टियो । मैले ऐया गर्दै कोल्टो फेरेँ । न डाक्टर थिए, न नर्स जुडी, सबैले मलाई छोडिसकेका थिए । मलाई लाग्थ्यो म बर्सौंदेखि त्यो मृत्युशøयामा निदाइरहेको त छैन । के म जिउँदो छु ? मृत शव हुँ ? तैपनि म सोचिरहेको थिएँ । (१३५)

प्रस्तुत उदाहरणमा प्रेम अस्पतालमा एक्लै हुँदा सबैले छोडेर गएको र परिचयबिहीन  मानवजस्तो बनेको कुरालाई व्यक्त गरिएको छ । हीरा त उसकी रखौटी जस्ती प्रेमिका थिई तर जब उसलाई रगत दिनुपर्ने भो तब हीरा र हीराको लोग्ने भरतले प्रेमलाई चिन्दिन भनेर अस्पतालबाट जानुलाई प्रेम जिउँदै मरे जस्तो तथा केही पनि चेतना भएको मृत शरीर जस्तो बनेको छ । यस प्रसङ्गले यमपुरीको महल उपन्यासमा परिचयको पीडाले मुख्य स्थान लिएको देखाएको छ । प्रेमले उपन्यासभरि दुःखमात्रै पाएको अनि निरीह मात्रै बनेका उदाहरणहरू रहेकाले पनि यसमा डायस्पोरिक पीडालाई पनि व्यक्त गरिएको छ भन्ने पुष्टि हुन्छ ।

*एटलान्टिक स्ट्रिट* उपन्यासमा डायस्पोरिकहरूले आफ्नो जन्मभूमि छाडी सुन्दर सपना बोकेर अमेरिका छिरेका नेपाली तथा बङ्गलादेशीहरूको जीवन उनीहरूको ठाने जस्तो नभई कष्टकर रहेको र त्यसबाट उनीहरूले पटकपटक परिचय विहीनताको शिकार हुनुपरेको यथार्थलाई प्रस्तुत गरिएको छ । अमेरिकामा बस्ने नेपालीहरू सुखमा होस् वादुःखमा होस् उनीहरूले आफ्नो देश सम्झिने क्रममा आफू विदेशी भूमिमा अपमानित भएको सम्झी पीडामा डुब्छन् । सुनाम उपाध्याय अमेरिकामा पाएको दुःखमा नेपाललाई सम्झन्छ । विदेशीबाट पटकपटक अपमानित हुँदा सुनामलाई आफ्नो कोही नभएको महसुस हुन्छ । नासरिनले म पात्रसँग भनेका कुराहरू परिचयविहीनताको पीडाका रूपमा व्यक्त भएको छ । म पात्र र नासरिनको त्यस किसिमको पीडालाई तलको उदाहरणबाट थप स्पष्ट पारिएको छ :

> वास्तवमा आफ्नो देशमा राम्रो प्रशासक, बैंङ्क अधिकृत, डाक्टर, इन्जिनियर, सांसद, प्रोफेसर, लेक्चरर भएकाहरू अमेरिका छिरेर आफूले बाध्य भएर गर्नुपरेको रेस्टुरेन्टको काम, ग्रोसरी स्टोरको क्यासियरको काम जस्ता कामलाई आफू आफ्नो देशमा यस्ता यस्तो थिएँ, उस्तो थिएँ भन्दै सम्झँदै झुर भन्ने गर्छन् । नासरिन पनि ढाकामा एक महिला कलेजमा पढाइरहेको सम्मानित जब सम्झँदै आफ्नो होल अर्ग्यानिक फुड मार्केटको कामलाई झुरझुर भनिरहने गर्थी ... तर के गर्नु त्यसैको अन्डरमा बसेर काम गर्नु परिरहेछ । (११८)

आफ्नो देशमा जतिसुकै ठूलो ओहदामा बसेर काम गरेको वा इज्जत भएको मान्छे उता गए तापनि त्यहाँ सबैको परिचयशून्य हुन्छ र पुन : कामदारबाट परिचयको सुरुवात हुन्छ । म पात्र मात्रै होइन आफ्नो देशमा प्रोफेसर, अधिकृत, लेक्चरर जस्ता इज्जतदार जागिरेहरू अमेरिका गएपछि त्यहींको परिचय सुरु गर्नुपर्ने भएकाले

डायस्पोरिकहरू परिचयविहीनताको शिकार भई पीडित बनेका हुन्छन् । नासरिन पनि आफ्नो देशमा लेक्चरर बनेकी तर अमेरिकामा होटेलको काम गर्नुपरेकाले झुरझुर मात्रै भनेर आफ्नो काम तथा परिचयलाई शून्यस्तरको ठान्छे । म पात्र पनि परिचयविहीनताको शिकार भई पीडित बनेको पात्र हो भन्ने आशय प्रस्तुत साक्ष्यले व्यक्त गरेको छ ।

*पथिक प्रवासन*मा बेल्जिका क्याफेमा बेल्जियमका नागरिकभन्दा धेरै भाषा जानेका र अनुभवी भएकाले पथिक स्तरीय काम पाउन सफल भएको छ तर त्यसका विरुद्ध ज्याक नामक स्थानीयले उसलाई हेप्न, घृणा गर्न, द्वैष फैलाउन र आक्रमणसम्म गरेको देखिन्छ । अल्पसङ्ख्यक भएकाले पुलिसहरू ज्याकका पक्षमा छन् र रेस्टुरेन्टको मालिक पनि सजिलै ज्याकलाई कारबाही गर्न सक्दैन । त्यतिमात्रै होइन म पात्र अमेरिकामा अपार्टमेन्टमा बस्ने प्रसङ्गमा कोसँग अपार्टमेन्ट सेयर गर्ने भन्ने कुरामा उसलाई सबैले इन्डियनसँग जोडेकाले उसलाई आफ्नो राष्ट्रियताको खडेरी परे जस्तो भई पीडा हुन्छ ।

. इन्डियनहरू सित तिमीहरूको मिल्छ हगि ? ....मुन्द्रेले आगोमा घ्यु थप्यो ।

त्यसपछि मैले नेपाली र इन्डियनमा के फरक छ भनेर छोटो तर धाराप्रवाह भाषण नै दिएँ । अन्ततः उसलाई भन्न करै लाग्यो-“मलाई थाहा छ, यी दुई भिन्न देश हुन् ।”(४३)

माथिको उदाहरणमा म पात्रलाई परेको राष्ट्रिय पहिचानको पीडालाई प्रस्तुत गरिएको छ । उसलाई अर्को देशसँग जोडेर भनेपछि आफ्नो राष्ट्र भिन्नै भएको देखाउन उसले विद्रोहात्मक स्वर नै निकाल्नु परेको छ । तसर्थ यस उपन्यासमा पनि डायस्पोरामा देखिने राष्ट्रिय पीडालाई व्यक्त गरिएको छ ।

*सुशी र प्रशान्त महासागर* मा गोरा जातिका पक्षमा सरकारी स्तरबाट भएका जति पनि ज्यादतीको चित्रण गरी डायास्पोरिक पीडालाई अभिव्यक्त गरिएको छ ।

संस्थापनको हातमा शक्ति र पैसा छ । एक प्रतिशत मानिसको हातमा चालीस प्रतिशत धन छ । जेलमा जाकिदिनु, सानोसानो कुरामा सजाय दिनु, सबैभन्दा बढी मृत्युदण्ड दिनु औद्योगिक क्रान्तिसँगै एक चलनभएको छ । किनदुई सय वर्ष पुरानो प्रजातान्त्रिक व्यवस्था यति खोको ? (४७)

सुशीले स्थानीय पत्रिकामा पढेको माथिको साक्ष्यले नेपाली डायस्पोरिकहरू को पीडालाई व्यक्त गरेको छ । अल्पसङ्ख्यक हुँदा डायस्पोरामा भोग्ने परिचयको पीडालाई माथिको उदाहरणले व्यक्त गरेको छ ।

*अमेरिकामा आमा* उपन्यासमा पनि म पात्रका परिचयका पीडाहरू पाइन्छन् । अमेरिका गएर ६ वर्षभन्दा बढी बसिसक्दा पनि उनीहरूको कतै कहीं पनि परिचय नभएको महसुस गर्छन् । आफ्ना छोराछोरीसमेत गएर बसोबास गरेका उनीहरू आफ्नो परिचय विहीन अस्तित्व देखेर पीडाबोध गरिरहेका छन् । उनीहरूको त्यसकिसिमको पीडालाई उदाहरणबाट प्रस्तुत गरिएको छ :

छ वर्षदेखि आफ्नो मानेको अमेरिकाको साउथ क्यारोलाइना आएपछि अर्को बिरानु मुलुकमा नै पुगेको अनुभवसमेत हामीलाई भयो । युरोपियनमूलका सेतो छाला र इतिहासले दासको रूपमा भित्र्याएका अफ्रिकीमूलका कालाको बिचमा हामी अल्पसङ्ख्यकको पनि अल्पसङ्ख्यक भएको पुष्टि मिल्ने थुप्रै अवसरहरू भए ।

अरू स्टेटमा देखिने भारतीय, चिनियाँ अनि दक्षिण अमेरिकीहरू साउथक्यारोलाइनामा पनि थिए नै होला, तर हाम्रा एकदुई अनुभवले हामी बसेको शहर वरिपरि भने कालो र सेतो बिचका झन्डैझन्डै हामी मात्रभ एको हो कि जस्तो समेत भानभयो । (३०३)

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46139 

प्रस्तुत उदाहरणमा म पात्रहरू बसेका स्टेटमा नेपालीहरूको त शून्य उपस्थिति जस्तो भएकाले वा ६ वर्षभन्दा बढी बसिसक्दा पनि आफू सधैं नौलोका नौलो भएको खाली नौलो देशमा गएको महशुस हुनुले उनीहरूको अल्पसङ्ख्यक उपस्थिति भएर हो । डायस्पोरामा जब अल्पसङ्ख्यक उपस्थिति हुन्छ तब तिनीहरू परिचय विहीन जस्ता देखिन्छन् । न त अवसर न त अरू कुनै मौका, सबैबाट वञ्चित त भए नै सधैं नौलो बन्नुपर्ने बिडम्बनाले उनीहरूलाई पीडाबोध गराएको छ ।

*सिड्नी सपना* उपन्यासमा उपन्यासकार सानु घिमिरेले पनि डायस्पोरिकहरूको पीडालाई सृष्टिमार्फत् व्यक्त गरेकी छिन् । यस उपन्यासकी प्रमुख पात्र सृष्टिले अस्ट्रेलिया गएपछि पाएको दुःखलाई यस उपन्यासको विषयवस्तुका रूपमा लिइएको छ । डायस्पोरिकहरू डायस्पोरामा केकस्तोसम्म दुःखभोग्न विवश हुन्छन् भन्ने देखाउन उपन्यासकारले आर्थिक रूप मा मजबुत बन्न धेरै कष्ट सही पीडा भोग्नुपरेको देखाएकी छिन् :

> दुःख पायौँ ।
> त्यही त भन्याँ । महामारीमा परियो ।
> काम कस्तो हुँदैछ ?
> ठीकै छ, इन्डियन रेस्टुरेन्ट हो, धेरै पेलिनुपर्छ, गाह्रै छ ।...
> मध्य रातमा उठेर काम गर्न जान्छ । दिउँसो कोठा फर्किन्छ । म बिहान निस्कन्छु, राती आउँछु । बूढाबूढीको देखादेखसम्म हुन्छ, अरू त त्यस्तै हो । (२१)

माथिको उदाहरणमा सृष्टिकी साथी सुनिताको आर्थिक पीडालाई व्यक्त गरिएको छ । डायस्पोरामा आर्थिक पीडाले सताएर डायस्पोरिकहरू कतिसम्म काम गर्दा रहेछन्, आफ्नो खुसी र परिवार बिर्सेर आर्थिक समस्या टार्न भोक तिर्खा पनि बिर्सन्छन् भन्ने देखाउन सुनिताको जीवनशैलीलाई प्रस्तुत गरिएको छ । उसको *बूढो* मध्य रातमा काम गर्न जाने, दिउँसो कोठा फर्केर आउने, बुढी बिहानै जाने, राती आउने अनि बूढाबूढीको भेट हतपत नहुने बिडम्बनाको सङ्केत प्रस्तुत उदाहरणमा गरिएको छ । तसर्थ डायस्पोरामा पाउने पीडालाई सुनितामार्फत् आर्थिक समस्याका कारण पीडित हुने डायस्पोरिकको जीवनलाई देखाइएको छ ।

*अर्की आइमाई* उपन्यासमा म पात्रको सुवर्णसँग बिहे भएर अमेरिका गएपछिका दिनमा उसभित्र आफ्नो परिचयको पीडा देखिन्छ । म पात्रमा देखिएको परिचय र अस्तित्वको सङ्कटलाई मनोवैज्ञानिक समस्याका रूपमा पनि हेरिन्छ । सिर्फ सौताका छोराछोरीका लागि उनीहरूका बाबुको बेडपार्टनर मात्रै बनेको आमाको कुनै परिचय नबनेको तथा आफ्नो परिचय नै घरको कामदारका रूपमा ल्याइएकी अर्की आइमाईका रूपमा रहेकाले उसभित्र परिचयको पीडा मडारिइरहेको छ । त्यसकिसिमको पीडालाई तलको उदाहरणबाट अझ प्रस्ट पारिएको छ :

> मप्रति कसैको गुनासो थियो त स्यान्टियागो र डेस्टिनीको हुनुपर्छ । मलाई उनीहरूले मम्मी भनेर बोलाएनन् । मिस तरु भनी सम्बोधन गरिरहे । म उनीहरूको नजिक हुन नै सकिनँ, आफ्नै आमाझैँ नजिक । हो, म उनीह्रूको आमा बन्न सकिनँ । लाग्थ्यो, उनीहरूको लागि म केही पनि थिइन, केवल उनीहरूको ड्याडको बेटपार्टनर सिवाय । (५६)

प्रस्तुत उदाहरणमा म पात्रलाई सुवर्णले नेपालमा आएर सांस्कृतिक बिहे गरेर अमेरिका लिएर गएपछि ऊ सुवर्णको अमेरिकाको घरमा कामदार र सुवर्णको बेटपार्टनर सिवाय केही बन्न सकिन भन्ने म पात्रको परिचयविहीनताको कुरालाई व्यक्त गरिएको छ । त्यस वातावरणबाट म पात्रको परिचय केवल कामदार सिवाय

केही हुँदैन । ऊ त्यस घरकी कामदार सिवाय नभएकाले आफ्नो परिचय नै लोप भएको ठानेकी छ । ऊ निस्सार पनि छ । ...त्यस दुरावस्थाबाट ग्रसित बनेकी म पात्र परिचयविहीन बनेकी छ ।

*अल्टिमेट आकाश*मा पनि विभाषका अमेरिकाका जीवनहरू परिचयविहीन देखिन्छन् । अर्को देशबाट आएका आप्रवासीहरू त्यहाँ (अमेरिकामा) परिचयविहीन जस्तै देखिन्छन् । के नेपाली के गैरनेपाली सबै डायस्पोरिकहरूको परिचय नै मुख्य सङ्कटमा परेको देखिन्छ । विभाष पनि आफ्ना सङ्घर्षका दिनमा विभिन्न पीडाबाट ग्रसित बन्छ । ऊ र उसका साथीहरू को परिचयविहीनताको पीडालाई तलको उदाहरणबाट थप स्पष्ट पारिएको छ :

> हो, त्यस्तै मुस्किल समाजमा दबिएर बसेका समलिङ्गीहरूलाई छ । उनीहरू सबै खुलेर बाँच्न सकेका छैनन् । जबर्जस्ती समाजको अपेक्षाअनुरूप पिल्सिएर बाँचिरहेका छन् । पाओला र मैले साहस गरेर खुलेर बाँच्ने प्रयास गरिरहेका छौँ । (१७५)

प्रस्तुत उदाहरणमा विभाषसँग जोडिएको परिचयको सङ्कटका कारण पाओला र मारियाले आफ्नो परिचय पनि शून्य रहेको कुरालाई व्यक्त गरिएको छ । उनीहरू पनि डायस्पोरिक हुन् तर समलिङ्गी भएका कारण डायस्पोरामा त पहिचान विहीन छन् नै उनीहरू आफ्नै समाजमा समेत परिचय नभएका शून्य प्राणी जस्ता देखिन्छन् भन्ने तथ्यलाई प्रस्तुत साक्ष्यले व्यक्त गरेको छ । त्यस प्रसङ्गले डायस्पोरिकहरूको पीडालाई नै बोलेको देखिन्छ ।

*छाप्रो नं ५५* उपन्यासमा पनि डायस्पोरिकहरू परिचयको पीडामा जबर्जस्त जीवन काटिरहेका छन् । गङ्गाहरू शरणार्थी भएकाले परिचयको सङ्कट त परिरहेको थियो । अझ उनीहरू दलित समूहका भएकाले नेपाली समाजमा पनि उनीहरूको पहिचान प्रस्टतः थिएन । दलित भएकै कारण ऊ र उसको प्रेमी देवको परिवार अपहेलित भएका थिए । अपहेलित भएपछिका अवस्थाहरू परिचयको सङ्कटमा परेका कारण यसले पीडा भोग्नुपरेको छ । उसको त्यस पीडालाई उदाहरणबाट थप स्पष्ट पारिएको छ :

> गरिबीले पराकाष्ठा नाघेपछि मृत्यु पनि महँगो हुँदोरहेछ । मान्छेहरू भन्छन् ,यो सब समयको खेल हो । समयको खेल हैन रहेछ । खेल त यहाँ मान्छेहरूकै व्यवहार र नियतको पो हुँदोरहेछ । ...दैवले पनि वज्र हान्ने गरिबमाथि नै रहेछ । (१४१)

प्रस्तुत उदाहरणमा डायस्पोरामा पहिचान खोजिरहेका गङ्गा जस्तापात्रहरू समाजकै विभिन्न कारणले परिचय विहीन बन्नपुगेका छन् । प्रस्तुत साक्ष्यले पनि समाजका केही मान्छेहरूका कारण उनीहरू जस्ता मान्छेहरू नियतबस हेपिएका र अवसर तथा मानवताको धर्मबाट वञ्चित हुनुपरेका गङ्गाबाट अभिव्यक्त कुरालाई व्यक्त गरेको छ । गरिबीका कारण डायस्पोरिक जीवनमा कुनै पनि परिचय बाँकी रहेको हुँदैन भन्ने देखाउन पनि प्रस्तुत सफल भएको देखिन्छ । गरिबको त झन् डायस्पोरामा कुनै मूल्य हुँदैन रहेछ भन्ने भावनालाई प्रस्तुत गरी गङ्गा जस्ता डबल डायस्पोरिक पात्रहरू कैयन् पीडा भोगिरहेका हुन्छन् भन्ने देखाइएको छ ।

### डायस्पोरिक उपन्यासमा अभिव्यक्त अतीत मोह

*यमपुरीको महल* उपन्यासको प्रमुख पात्र प्रेम विगतको स्मरणमा छट्पटाउँछ । जीवनमा दुःख आउँदा वा विचलित हुँदा उसलाई घर, राष्ट्र, संस्कृति तथा भाषा जस्ता विगतको स्मरणबाट आनन्द प्राप्त हुन्छ । वर्तमानमा काम गर्दा वा दुःख गर्दा उसले विगतको आनन्दलाई सम्झेर दुःखलाई भुली आनन्दित भएको छ । आफ्नो देश सम्झेर प्रेम आफ्नो गृहमोहमा डुबेको तथ्यलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

...मलाई पारिश्रमिकको ध्यान थिएन । म त मलाई सजाय दिइरहेको थिएँ । तैँले यस्तो कालकाकाल दुःख काटेर काम नगरे अरू को गर्छ ? अरूहरू सबैको लागि ईर्ष्याको पात्र तँ ? किन सबैलाई असल बन्न नसकेको ? कठ्याङ्ग्रिने जाडोमा पनि पसिना चुहाएर हिउँको खात लगाइरहेको थिएँ । हिउँको थुप्रो हेरेर मलाई लाग्थ्यो अचम्म । गलेश्वरको हाम्रो खेतको धान भित्र्याउँदाको दिन आँगनमा चालीस मुरी धानको रास लगाए जस्तो लाग्यो । ...यो हिउँको थुप्रो जस्तै भई फैलिँदै थियो । (३१)

प्रस्तुत उदाहरणले प्रेमको नेपालको गरिबी र डायस्पोरिक हुनुको बाध्यतालाई प्रदर्शन गर्दछ । आफ्नो दुखलाई भूल्न र यमपुरीको महल बनाउने सपना देखी अमेरिका गएको प्रेम बेवारिसे झैँ बन्छ । उसलाई कसैको पनि सहारा छैन । बेखर्ची बनेर ऊ छट्पटाउँदै हातमा बेल्चा बोकी काम खोज्दै जाँदा एउटी नारीको घर अगाडिको हिउँ सोहोर्ने अनुमति मागेर सोहोर्न थाल्छ । आफ्नो गाउँको गलेश्वरको खेतको धान सोहोरेको र हिउँ सोहोरेको एकै जस्तो ठान्छ र धानसँगसँगै माछापुच्छ्रे हिमाल सम्झन्छ र कठ्याङ्ग्रिने जाडोमा पनि आनन्दित हुँदै हिउँ सोहोरिरहन्छ । आफ्नो बिगत सम्झेकाले उसले हालको पीडा, दुःख र अभावलाई भूलेको छ ।

*एट्लान्टिक स्ट्रिट*मा प्रोफेसर हीरार*त्न बारे*को अतीतमोहको भावनालाई व्यक्त गरिएको छ । हीरारत्नको गृहमोहको भावनाले सडकछाप सुनामलाई भावुक बनाएको छ । म (सुनाम) पात्र अमेरिका गएपछि आफ्नो साथी हीरारत्नसँग काठमाडौँमा बिताएका दिन तथा दुःखलाई सम्झेको छ । हीरारत्नले आफ्नो गृह वा घरगाउँका रूपमा काठमाडौँलाई सम्झेकाले म पात्रपनि गृहस्मृतिको शिकार बनेको छ । उनीहरूको त्यसकिसिमको स्मृतिको भावनालाई तलको उदाहरणबाट अझ प्रस्ट पारिएको छ :

हामी काठमाडौँको एउटै टोलमा जन्मिएका हौँ । त्यसबेला स्कुलपछि हाम्रो दिन टोलका सडकमा पाङ्ग्रा गुडाउने, पारी खेल्ने (चुरोटको बट्टा पट्याएर बनाउने चारकुने आकारको खेलौना), गुच्चा खेल्ने, च्याम्पोटी नचाउने (लप्सीको बियाँको मुख तीखो पारेर नचाउने) आदि खेल खेलेर बित्थे । हाईस्कुलको शिक्षापछि ऊ साइन्स कलेजमा लाग्यो । म कमर्स पढ्न थालेँ ।...(पृ.३०)

ञप्रस्तुत उदाहरणमा प्रोफेसर हीरारत्नको गृहमोहको भावनासँगै सुनाम उपाध्याय पनि आफ्नो गृह वा घरदेशप्रतिको मोहमा डुबेको छ । सुनाम आफू बाहुन भएको तर हीरारत्न नेवार भएकाले आआफ्नै जातमा प्रचलित गालीका शब्दहरू प्रयोग गरी एकआपसमा बोल्थे । उनीहरूको आफ्नो टोलका कुरा, प्याफल टोलको दृश्य तथा काठमाडौँका विभिन्न गल्लीको यादले सुनाम उपाध्यायलाई सताएको छ । त्यसकिसिमको मोहले उसलाई आफ्नो घर वा गृहको मोहमा डुबाएको छ ।

*मोटेल अमेरिका* उपन्यासको ऊ पात्र आफ्नो बाबु मरेपछि नेपाल जान मन गर्दैन तर केही दिनसम्म उसको सम्झना तथा दिमागमा आफ्नो बाबुसँग बिताएका अतीतका स्मरणीय यादहरू आउँछन् र ऊ ती प्रतिमोहित र संवेदनशील हुँदै जान्छ । राजनीति र जागिरमा असफल भएर रक्स्याहा बनेपछि बाबुले उसलाई अमेरिका पठाउने खर्च जोहो गरेको रहेछ । नेपालमा रहुञ्जेल उसको र बाबुको सम्बन्धका बिचमा तनाव उत्पन्न भइरहेको थियो । बाबुको चाहना खरदार बनाउने थियो भने वा मास्टर होस् भन्ने थियो तर ऊ त्यस्तो केही पनि हुन सकेको थिएन । यसै प्रसङ्गमा ऊ मात्र अमेरिका आएको थियो ।

...उसको बाउ पनि राजनीतिमा चाख भएको निरीह बाहुन थियो ।...त्यसकारण नेपाली काङ्ग्रेसका मानिसहरू उसका रुचिका मानिसहरू थिए । तिनैको अर्ती उपदेशको अनुसरणमा ऊ हिँड्दथ्यो ।

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46139 

> त्यसैको फलस्वरूप ऊ अदालतको बैदार भएको थियो । तर सपना उसको खरदार हुने थियो । त्यसकारण उसले राजनीतिका साथसाथै चाकरीको भाषा पनि सिकेको थियो । (८०)

माथिको उदाहरणमा ऊ पात्र आफ्नो बाबु र आफ्नो अतीतको सम्बन्ध सम्झेर वर्तमानमा दिन काटिरहेको छ । आफ्ना बाबु नभए तापनि बाबुका साथीहरू को अनुकरण गरेरै भए पनि आफ्ना बाबुको याद मेट्न खोज्नु तथा वर्तमानमा अतीत सम्झी आनन्दित हुन खोज्नु उसको अतीतप्रतिको मोह हो । तसर्थ ऊ पात्रमा अतीतप्रतिको मोहका कारण बाबुसँगको सम्बन्धको स्मरण गरी अहिले बाबुको जस्तो व्यवहार तथा चरित्रको विकास गर्न थालेको छ । त्यस परिदृश्यलाई ऊ पात्रमा भएको अतीतप्रतिको मोहका रूप मा लिइन्छ ।

*सुशी र प्रशान्त महासागर* उपन्यासमा अविनाश पात्र सुशी, अलका र जुलीसँग आफ्नो प्रेम स्मरण गर्दै आफ्नो अतीतको आनन्दको क्षणमा आइपुग्छ । अविनाश र सुशीको सम्बन्ध २०र२५ वर्ष पहिले थियो तर अविनाशले काठमाडौँबाट अमेरिका आएकी सुशीसँग भएको सम्बन्ध सम्झेर आनन्दित हुन पुग्छ । बनारसमा इन्जिनियरिङ् पढ्दाको क्षणलाई लिएर अविनाश आफ्नो साथी अशोकले दार्जिलिङ् बोलाएको प्रसङ्गलाई सम्झन पुग्छ । अशोकले घरमा बोलाएका बेला अशोककी बहिनीसँगको आकर्षणको प्रसङ्ग पनि अतीतमोहका रूप माआएको छ ।

> ...गर्मीको छुट्टीमा त्यहाँ जाँदा अशोकका आमाबाबु बाहेक एउटी कलिली भर्खरकी उसकी बहिनी थिइन् । उनको उमेर करिब सोर वर्ष थियो । उज्यालो अनुहार भर्खर उदाएको पूर्णिमाको चन्द्रमा जस्तो । गहुँगोरो अलि लाम्चिलो अनुहार कालो कपाल फर्र उडेको । टाइगर हिल, चियाको बगानमा माउन्टेनियरिङ् इन्स्टिच्युटमा जहाँ पनि उनी हामीसँगै थिइन् ।(८४)

माथिको उदाहरणमा अविनाश आफ्नै साथी अशोककी बहिनीसँगको सामीप्यताको अतीतको मोहमा फसेको छ । ऊ दार्जिलिङ् जाँदाको परिस्थितिलाई सम्झेर आफ्नो प्रेमिल अनुभूतिको मोहमा डुबेको अवस्थालाई देखाइएको छ । डायस्पोरामा आएपछि आफ्नो आनन्दको क्षण खोज्दै जाँदा अतीतको याद नै उनीहरू को साथी बनिदिन्छ भन्ने देखाउन यस उपन्यासमा अविनाशमार्फत् अतीतको मोहलाई प्रस्तुत गरिएको छ ।

*अमेरिकामा आमा* उपन्यासमा अतीतमोहलाई व्यक्त गर्ने प्रशस्तै उदाहरणहरू छन् । म पात्र अमेरिका गएपछि हरपल हरकदममा नेपाल नसम्झेका पलहरू पाइँदैनन् । आफ्नो पति शिवजीसँग सन्तानसहित अमेरिका पुगेकी म पात्र आफ्नो गृहभूमि धनकुटा तथा कीर्तिपुरलाई सम्झेर नोस्टाल्जिक बनेकी छ । उसको त्यस किसिमको अतीतमोहलाई तलको उदाहरणबाट झन् स्पष्ट पारिएको छ :

> ...मङ्सिरको ठिहीमा पानीले छोएको पनि थाहा नपाउने गरी मरेको शरीरमा पानी अचाए जस्तो भिजाएर हतारहतार कोठातिर दौडिएको दृश्य हिजै जस्तो भएर सम्झनामा आयो । धनकुटाको पब्लिक धारो, ठकुरीको पँधेरो, उजिरेको पँधेरो, कर्कले कुवा र गाउँकाहरू कुवाहरूमा पनि पुस माघमा थरथर काम्दै आधा लुगा शरीरैमा बेरेर वरिपरि पालो पर्खिनेका सामु पुछपाछ गरेको नकचरो अतीत बल्झियो । (१०५)

प्रस्तुत उदाहरणमा म पात्रले अमेरिका पुगेपछि यता नेपाल घरका धारा, पँधेरा, कुवा तथा विभिन्न गाउँका अतीतहरू आँखामा आए । उसले अमेरिकाका हरेक कदममा नेपालका दृश्यहरू देख्छे । प्रस्ट रूपमा देखिएका मङ्सिरको जाडोमा पनि थाहा नपाउने गरी पानीलाई डराइडराई छोएको पानी र अमेरिकामा पानीको प्रयोग उस्तै लागेर आफ्नो घरको अतीत उसको अगाडि आएको छ । धनकुटा घरमा दैनिकी काटेका स्मरणहरू उसको दिमागमा आएर अमेरिकाका दिन उस्तै लागेका छन् ।

*छाप्रो नं ५५* मा पनि प्रशस्तै आफ्नो गृहलाई सम्फेर गङ्गा नामकी पात्र अतीतको मोहमा डुबेकी छ। ऊ अमेरिका गएपछि देवसँग बस्न थाली। देवसँग बस्ने गर्न थाले तापनि उसले भाषा सिक्न जानुपर्थ्यो, कक्षामा बस्दा यसले आफ्नो शिविर तथा बाउलाई सम्फेकी छे। ऊ हरदम आफ्नै गाउँ, शिविर, छाप्राहरू तथा विगतका सम्फनाहरू सम्फेर दिन काट्ने गर्थी। सो कुरालाई तलको उदाहरणका माध्यमले स्पष्ट पारिएको छ :

> त्यो समयमा अचानक मैले आफ्नो लोग्ने सम्फिएँ। आफू हुर्किएको ठाउँ र डुलेको ठाउँ सम्फिएँ। मरिच पानी खान नसक्ने मेरा बाउले खर्च गरिगरि मेरो सुखका लागि भन्दै बिहे गरेको सम्फिएँ। त्यसबेलाको उनको अनुहार र उनको खुसी सम्फिएर मन भावुक भयो। (२११)

प्रस्तुत उदाहरणले गङ्गा अमेरिका जाँदाको अतीत स्मरणलाई व्यक्त गरेको छ। सबै बिरानो भएपछि उसले आफ्नो अतीतवा अघिल्लो मुलुक नेपाललाई सम्फी र आफ्नो बृद्ध बाबु जसले उसका लागि धेरै दुःख गरी घरजमको बन्दोबस्त गरिदिएको थियो। त्यति धेरै दुःख गरेको, हुर्केको तथा बढेको ठाउँमा समेत आफ्नो जीवनको पहिचान नभेटेकाले उनीहरू सब तेस्रो मुलुक वा गन्तव्यका रूपमा अमेरिका गएका थिए।अमेरिका गएपछि पनि उही समस्ता त होलानै। दुःख उस्तै होला परिचयको सङ्कट उस्ते होला। तेस्रो मुलुकमा दर्जा पनि तेस्रो स्तरकै होला। ऊ घरि अमेरिकामा सयर गर्थी त घरि शरणार्थी छाप्रोमा आइपुग्थी।

**डायस्पोरिक उपन्यासमा प्रयुक्त यौनिकता**

*यमपुरीको महल* उपन्यासमा प्रेमको चरित्र यौनिक रूपले पनि प्रकटित छ। नेपालको संस्कृति र संस्कारमा बाँधिएको प्रेम भारतीय नारी हीरासँगको प्रेममा बाधिँदा आफ्नी पत्नी लक्ष्मी प्रियालाई पत्नीका रूपमा स्वीकार्ने वा हीरालाई स्वीकार्ने भन्ने सांस्कृतिक बन्धनमा परे तापनि ऊ यौन भोकका कारण हीरासँग यौन सम्बन्ध राख्न बाध्य छ। डायस्पोरामा गएपछि पनि यौनिक सुख प्रमुख प्राथमिकतामा पर्दछ भन्ने देखाउन यस उपन्यासमा प्रेमको खुला प्रकारको यौनिक व्यवहारको उल्लेख गरिएको छ। उसको यौनिक गतिविधिलाई तलको उदाहरणले थप प्रस्ट पारेको छ :

> यस उदाहरणले प्रेमले आफ्ना अभाव वा जीवनको अर्थका लागि यौनसम्पर्क गरी हीरासँग पत्नीको जस्तो सम्बन्ध बनाएको कुरालाई देखाएको छ। ऊ निर्धक्कसाथ पटकपटक यौनसम्पर्क गर्न तल्लीन छ। सायद त्यही सम्पर्कले होला उसले हीराको घर छाड्न सकेको छैन। डायास्पोरामा यौनिक सुखलाई पनि आफ्नो प्राथमिकतामा राखी डायस्पोरिकहरू उतै टिक्न खोज्दछन्।

*एटलान्टिक स्ट्रिट* उपन्यासमा अमेरिकामा गएका डायस्पोरिकहरूको बाध्यकारी यौनिक जीवन तथा व्यवहारलाई पनि उतारिएको छ। यस उपन्यासको प्रमुख पात्र सुनम उपाध्यायले अमेरिकामा बस्ने एसियालीहरूको प्रतिनिधित्व गरेको छ। म पात्र होल अर्ग्यानिक फुड मार्केटको स्टोरमा काम गर्दा यौन तथा यौनसँग सम्बन्धित कोडहरू को बारेमा अभ्यास नै हुन्थ्यो। त्यस प्रवृत्तिलाई तलको उदाहरणबाट थप प्रस्ट पारिएको छ :

> त्यसरी काम सिकाउँदा नासरिनका स्तनसँग मेरो शिर थुप्रै पटक अनायास ठोक्किन्थे। र, ऊ सरी, एक्स्क्युज मी, भन्थी र, म त्यस्तै सहजतामा नो प्रब्लम भन्थेँ। मैले त्यसरी नो प्रब्लम भनेपछि ऊ मरिमरि हाँस्थी। (१०९)

डायस्पोरिक बनेपछि यौनसँग खुलेर व्यवहृत हुने कुरालाई माथिको उदाहरणले प्रस्तुत गरेको छ। म पात्रलाई नासरिनले सेक्सकोड सिकाएको प्रसङ्गले त्यहाँ यौनिक सुखका लागि डायस्पोरिकहरू तल्लीन हुन्छन्

भन्ने देखाउन प्रस्तुत उदाहरण प्रस्ट छ । सेक्सकोडको लिफ्लेटहरू ट्वाइलेटमा झुन्डाउनु र त्यसप्रति सजग हुनु त्यहाँको यौनिक व्यवहारको रूप मा देखिएको छ ।

*पथिक प्रवासन* उपन्यासमा पथिक नेपालकी सहपाठी साधना र ब्रसेल्सकी टिनासँग प्रेम गर्छ । पहिले प्रोजेक्टमा काम गर्ने साधनाका लागि नेपाल बस्न सक्तैन र टिनालाई बिहे गरेर उतै बस्छ तर पछि टिनाले विश्वासघात गर्छे अनि उसलाई छाडेर नेपाल फर्कन्छ । यो विभाजन वास्तवमा घरदेश र परदेशको तानातानी हो । घरदेशमा हुँदा परदेशको मोह हुन्छ र परदेशमा हुँदा चाहिँ घरदेशप्रति स्नेह जन्मिन्छ । यसै उपन्यासमा सिद्धार्थ छोराछोरीको भविष्य बिजुली जस्तो चम्किलो बनाउनका लागि युरोपमै बस्छ तर उसको छोरो दीपक कुसङ्गतले बिग्रिएपछि ऊ थकथकाउँछः

.न भाषा, न संस्कृति, न समाज । सधैंको नियाँस्रो काम, काम ।...मलाई त आफ्नै ठाउँ रमाइलो लाग्छ तर सन्तानको सुनौलो भविष्यका लागि यतै बस्ने निर्णय गरेँ । (१६०)

माथिको छोटो उदाहरणबाट नै डायस्पोरिकहरू मा देखिने यौनिक चरित्रको प्रस्तुति पाइन्छ । उपन्यासकी साधना पात्रको टिनासँगको प्रेमलाई लिएर यसमा यौनिक तथा प्रेमको प्रश्न गरिएको पनि देखिन्छ । घरि टिनासँग बिहे गर्ने त घरि टिनालाई छोडी नेपाली फर्किने चरित्रलाई एकभन्दा बढी बिहेपछि स्खलित यौनिक मानसिकताले चरित्रका रूप मा चिनिन्छ । उसमा देखिएको दोहोरो प्रेम र उनीहरू को यौन सम्बन्धले पनि डायस्पोरामा यौनिक सुखका लागि हरेक पात्र तल्लीन हुन्छन् भन्ने माथिको उदाहरणले देखाएको छ ।

*अल्टिमेट आकाश*मा विभाष र नीलमका बिचको पुरानो प्रेमिल सम्बन्ध डायास्पोरामा पुगेपछि यौनिक सुखमा परिणत भएको कुरालाई प्रस्ट देखाइएको छ । उनीहरू एकआपसमा आकर्षित त थिए नै तर सन्फ्रान्सिस्कोको भ्रमणका क्रममा लिभिङ् टुगेदरसम्म गरी यौनिक आनन्दमा रमाएको कुरालाई देखाइएको छ ।

.त्यो रात उनीहरू ले एकअर्कालाई कुराले मात्र होइन शरीरले पनि चिने । मीठा अँगालो हँदै अद्भूतसँग ओठहरू जोडिए । हातहरू ले एकअर्कालाई मखमलझैँ सर्वत्र लोटाए । विभाषमा उठेको सगरमाथाको नीलमभित्रको सागरसँग समागम भयो । उन्मत्त चाहनामा चोबलिएको उनीहरू को पवित्र प्रेमले रातभर पटकपटक शारीरिक पूर्णता पायो । (२१०)

माथिको उदाहरणमा प्रस्टसँग यौनिक सुखका गतिविधिमा सम्लग्न भएको कुरा बुझिन्छ । नेपाली समाजको परम्परा एकातिर छ तर डायस्पोरामा गएपछि यौनिक गतिविधिमा सम्लग्न भएको कुरा देखाउनु यौनिकताले पनि डायस्पोरामा भूमिका खेलेको हुन्छ भन्ने देखाउनु हो । यस उपन्यासमा पनि विभाष र नीलमका बिच पटकपटक यौनिक सम्बन्धहरू भई सम्बन्धलाई टिकाउने काम गरिएको पाइन्छ । समलिङ्गीहरूका बिचमा समेत यौनिक व्यवहार भएको देखाउँदा यस उपन्यासको उत्तरार्धतिर यौनिकताले नै प्राथमिकता पाएको प्रस्ट देखिएको छ ।

*सिड्नी सपना* उपन्यासमा पनि यौनिकताका प्रशस्तै प्रमाणहरू पाइएका छन् । सृष्टि अस्ट्रेलिया गएपछि पाएका दुःखका साथै उसले भोगेका यौनिक अनुभवहरूलाई पनि यसमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । उसको अस्ट्रेलियामा आदित्य भन्ने केटासँग चिनजान भएपछि प्रेमसम्बन्ध अघि बढेपछि उसलाई आदित्यको कोठामा नै विभिन्न आसनमा यौनसम्पर्कमार्फत् आदित्यले आनन्द लिएको प्रसङ्ग उपन्यासको मुख्य कथ्य बनेको छ । सृष्टिलाई मालिस गरिदिने निहुँमा आदित्यले शरीरका हरेक अङ्गप्रत्यङ्गमा सुमसुम्याएको तथा यौनिक आवेशमा पुगी दुवैले यौनिक आनन्द लिएको प्रस्ट प्रसङ्ग देखिन्छ ।

दुवै घुँडामाथि घरी बिस्तारै, घरी चाँडोचाँडो मालिस गर्दै गएपछि आदिले सृष्टिलाई...।

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46139 

त्यसपछि...। ओठ, जिब्रो, गाला, गर्धन हुँदै आदिको मुख सृष्टिको स्तनमा पुग्यो । पालैपालो गरी उसले सृष्टिको शरीरका सबै अङ्गहरू ...।(९१)

माथिको उदाहरणमा प्रयोग गरिएका शब्दले पनि यसमा कति यौनिक गतिविधिहरू भएका छन् भन्ने कुरालाई प्रस्ट पारेका छन् । सृष्टि र आदित्यको प्रेम प्रसङ्गले निरन्तर यौनिक गतिविधिहरूमा प्रवेश गरेकाले उपन्यासको अन्त्य पनि सृष्टि र आदिको यौनसम्बन्धका कारणले बनेको वातारणबाट भएको छ । तसर्थ यस उपन्यासलाई एकतर्फबाट हेर्दा डायस्पोरिक यौन उपन्यासका रूप मा पनि लिन सकिन्छ । डायस्पोरामा आफ्नो परिचय स्थापित गर्न केकस्ता यौनिक गतिविधिहरू हुन्छन् भन्ने देखाउन प्रस्तुत उपन्यास सफल भएको छ ।

**निष्कर्ष**

यस अध्ययनमा डायस्पोरिक उपन्यासमा व्यक्त पीडा, अतीतमोह र यौनिकताको अध्ययन गरिएको छ । जसमा *यमपुरीको महल* उपन्यासमा डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोह तथा डायस्पोरिक यौनिकता गरी चारै प्रवृत्तिहरू पाइएका छन् भने *एट्लान्टिक स्ट्रिट*मा डायस्पोरिक पीडा, द्वैध मानसिकता र अतीतमोह गरी तीन प्रवृत्ति मात्र पाइएको छ । साथमा *मोटेल अमेरिका*मा डायस्पोरिक पीडा, अतीतमोह तथा डायस्पोरिक यौनिकताको प्रवृत्ति पाइएको छ भने *पथिक प्रवासन*मा डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोह तथा यौनिकताका उदाहरणहरू पाइएका छन् । *सुशी र महासागर*मा डायस्पोरिक पीडा, द्वैध मानसिकताका प्रवृत्तिहरू पाइएका छन् । *अमेरिकामा आमा*मा पीडा, द्वैध मानसिकता, अतीतमोह जस्ता प्रवृत्तिहरू पाइएका छन् । *अर्की आइमाई*मा डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोह र यौनिकता जस्ता प्रवृत्तिहरू प्रस्टै देखिएका छन् भने *अल्टिमेट आकास*मा पनि पीडा, द्वैध मानसिकता, अतीतमोह, यौनिकता जस्ता प्रवृत्तिहरू प्रशस्तै पाइएका छन् । *सिड्नी सपना*मा पनि डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोह र यौनिकताका प्रवृत्तिहरू प्रस्टै पाइएका छन् । *छाप्रो नं ५५*मा डायस्पोरिक पीडा, द्वैध मानसिकता, अतीतमोहका प्रशस्त उदाहरण देखिन्छन् । तसर्थ यस अध्ययनमा डायस्पोरिक प्रवृत्तिमा नवीन प्रवृत्तिका रूपमा यौनिकतालाई दर्शाइएको छ । किनकि हरेकजसो उपन्यासमा डायस्पोरामा गइसकेपछि पात्रमा देखिएको यौनसम्बन्धी चासो र स्थापित हुनका लागि गरेका बाध्यात्मक यौनिक गतिविधिलाई डायस्पोराको मूल प्रवृत्तिका रूप मा देखाइएको छ । पात्रपात्रका बिच प्रेम हुनु र त्यही प्रेमका कारण वा पेसाका कारण यौनिक गतिविधिमा संलग्न हुनु पात्रहरूको नियति देखाइएको छ । डायस्पोरामा पात्रहरू केही न केही पक्षबाट परिचय खोज्ने भएकाले यहाँ अध्ययन गरिएका उपन्यासहरू डायस्पोरिक प्रवृत्तिका आधारमा पनि उत्कृष्ट उपन्यासका रूपमा चिनिएका छन् ।

## सन्दर्भसामग्री

अधिकारी, पंचम (२०६७), *पथिक प्रवासन,* जय प्रकाशन ।

अधिकारी, बालाकृष्ण (२०६८), 'डायस्पोरा : नेपाली साहित्यमा अनुकूलनका समस्या र कारण', *गरिमा,* २९:६, पृ.८८-९४ ।

अर्याल, राजेन्द्रप्रसाद (२०७५), *मर्मस्पर्शी यथार्थ चित्रण भएको कृति अल्टिमेट आकाश,* समकालीन साहित्य डटकम, मङ्सिर २९ ।

कार्की, नीलम (२०७६), *अर्की आइमाई,* (दोस्रो संस्क), साङ्ग्रिला पुस्तक प्रा. लि. ।

गौतम, भारती (२०७२), *अमेरिकामा आमा,* शब्दार्थ प्रकाशन ।

घिमिरे, सानु (२०७५), *सिड्नी सपना,* साङ्ग्रिला बुक्स् प्रा.लि. ।

तिमल्सिना, राम्जी (२०७४), रोबिन कोहेन र डायस्पोरा सिद्धान्तको संश्लेषण, *समकालीन पाश्चात्य सिद्धान्तका प्रणेताहरू,* (सम्पा.ज्ञानु पाण्डे), नेपाल प्रज्ञा प्रतिष्ठान ।

दियाली, रमेश (२०७५), *छाप्रो नं ५५,* मञ्जरी पब्लिकेसन ।

नेपाल, शक्तिराज (२०७१), *प्रयोगात्मक नेपाली शिक्षण,* टेक्सलाइनर पब्लिकेसन प्रा.लि. ।

नेपाल, शक्तिराज (२०७७), *अमेरिकी नेपाली डायस्पोराका उपन्यासको विश्लेषण,* मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य तहको अप्रकाशित शोधप्रबन्ध ।

भट्टराई, गोविन्दराज (२०७१), (दो.सं.), *उत्तरआधुनिक विमर्श,* ओरियन्टल पब्लिकेसन हाउस ।

भट्टराई, गोविन्दराज (२०७२), *डायास्पोराः सिद्धान्त र समालोचना,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

राजव (२०६७), *मोटेल अमेरिका,* साझा प्रकाशन ।

राजव (२०७५), *एटलान्टिक स्ट्रिट,* (तेस्रो संस्क.), फिनिक्स् बुक्स्, ।

रेग्मी, मुरारीप्रसाद (२०६८), यमपुरीको महल : उत्तरआधुनिक मनोविश्लेषणात्मक समालोचना*, रत्न बृहत् नेपाली समालोचना,* (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मण गौतम), रत्न पुस्तक भण्डार ।

लामिछाने, सन्तोष (२०७६), *अल्टिमेट आकाश,* (दोस्रो संस्क.), जनमत प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *डायास्पोरा र नेपाली साहित्यको विश्वव्यापीकरण,* समकालीन साहित्य डटकम, असोज २४ ।

शर्मा, अरुण (२०६७), *सुशी र महासागर,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम ( २०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* शिखा बुक्स् ।

श्रेष्ठ, बसन्त (२०७२),*अमेरिकामा आमा : उपन्यास एक दृष्टि,* समकालीन साहित्य डटकम ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* पाठ्यसामग्री पसल ।

सुवेदी, होमनाथ (२०६५), *समुद्रपारका समालोचना,* अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

सुवेदी, होमनाथ (२०६८), *यमपुरीको महल,* (दोस्रो संस्क.), साझा प्रकाशन ।

सुवेदी, होमनाथ (२०७०), सम्पा.*अनेक डायस्पोराको साहित्य,* अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

सुवेदी, होमनाथ (२०७५), *उत्तर अमेरिकाको नेपाली साहित्यको इतिहास,* अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

Cohen, Roben (2008), *Global Diasporas: An Introduction*, UCL press.

Kevvin Kenny, Diaspora: A very short introduction. https://global.oup.com/ academic/product/diaspora-a-very-short-introduction 9780199858583?cc=us&lang=en&

Living in a double diaspora, Shibao Gu. https://link.springer.com/chapter/ 10.1007/978-94-6300-669-9_18

Safran, William. Concepts, theories and challenges of Diaspora: A panoptic approach. https://www.coursehero.com/file/39526237/safrandocx/